दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २७९ | बुटवल | २०८१ असोज १९, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Oct. 05, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## हत्या आरोपमा साथी पक्राउ



भैरहवा । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले भारतीय नागरिकको हत्या आरोपमा एकजना नेपाली युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा स्याङ्जाको गल्याङ नगरपालिका घर भइ हाल रुपन्देहीको तिलोत्तमा १६ मधवलिया बस्ने २४ वर्षिय आशिष भण्डारी रहेको रुपन्देही प्रहरीले जनाएको छ ।

भारतको नयाँ दिल्ली बस्ने ३० वर्षीय मोहम्मद अज्जर खानको हत्याको आरोपमा भण्डारीलाई पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रंजितसिंह राठौरले बताए ।

एसपी राठौरका अनुसार गत भदौ ३१ गते तिलोत्तमा १३ मोडहास्थित धान खेतको बिचमा जेब्रा झोलाभित्र सडेगलेको अवस्थामा नाम, थर र वतन नखुलेको अन्दाजी २५ र ३० वर्षीय युवकको शव फेला परेको सूचना प्राप्त भएको थियो । उक्त शवलाई पोष्टमार्टमको लागि बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा लगेर शव पहिचानको लागि स्थानीय सञ्चार माध्यम र जिल्ला प्रहरी कार्यालयको फेसबुकमार्फत् हुलिया सम्प्रेषण गरिएको एसपी राठौरले जानकारी दिए ।

असोज १७ गते मृतक युवकको दाइ हैदर अली खानले अस्पतालमा गइ उक्त शव आफ्नो भाइ मोहम्मद अज्जर खानको रहेको भनी सनाखत गरेको एसपी राठौरले बताए ।

प्रहरीका अनुसार मृतक र अभियुक्तबिच विगत ८ महिनादेखि भारतको दिल्लीमा फोटोग्राफीको सिलसिलमा चिनजान भएको थियो । दुवैजनाले एउटै एजेन्टमार्फत् काम गर्दै आएको र अभियुक्त भण्डारी २ महिनाअघि दिल्लीबाट नेपाल फर्केका थिए । खान भदौ २४ गते भारतको गोरखपुरमा रहेको कुरा घरपरिवारलाई जानकारी भएपश्चात् सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

'मृतक अज्जु भन्ने मोहम्मद अज्जर खान भदौ २५ गते अभियुक्त भण्डारीको घरमा आएको अनुसन्धानबाट खुलेको छ ।

सोही दिन मृतक खान र अभियुक्त भण्डारीबिच वादविवाद हुँदा अभियुक्तले धारिलो हतियार प्रहार गरी मृत शवलाई तन्नाले बेरी बोराभित्र पोका पारेर उक्त पोकालाई जेब्रा झोलाभित्र राखी रातको समयमा आफ्नो घरदेखि ३ सय मिटर पश्चिम धान खेतमा लगेर फालेको एसपी राठौरले भने । घटनाबारे थप अनुसन्धान जारी रहेको रुपन्देही प्रहरीले जनाएको छ ।

# किसान, मासु व्यवसायी र बुटवल उप–महानगरबिच टकराव

**सार्वजनिक निजी साझेदारी मोडलमा वधशाला सञ्चालन गर्ने सम्झौता बुटवल उप–महानगरपालिकाले तोडेपछि मासु व्यवसायीले आन्दोलनको घोषणा गरेका छन् । उनीहरुको आन्दोलनलाई खसीबोका उत्पादक किसानले पनि साथ दिएका छन् ।**

**टिआर शर्मा**

*बुटवल*

सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर पी) अवधारणामा सञ्चालन गर्ने पूर्व सहमतिविपरित बुटवल उप-महानगरले निजी कम्पनीलाई वधशाला सञ्चालन गर्न दिएपछि मासु व्यवसायी र किसानसँग टकराव उत्पन्न भएको छ ।

किसान र व्यवसायीसंगको सम्झौता रद्द गरी टेण्डर मार्फत मुक्तिनाथ लाइभस्टक कम्पनीले ठेक्का पाएको वधशालामा गएर खसी-बोका बध गर्न मासु व्यवसायीले अस्वीकार गरेपछि उप-महानगरले दैनिकजसो अनुगमनको नाममा जरिवना गर्न थालेको छ ।

ऐनअनुसार पहिलोपटक १० हजार, दोस्रोपटक २५ हजार र तेस्रोपटक ५० हजार जरिवाना र त्यसपछि पसल नै बन्द गर्ने प्रावधान छ ।

चाडपर्वको मुखमा निजी कम्पनीको फाइदाका लागि व्यवसायीमाथि अनुगमनको 'ज्यादती' भएको भन्दै व्यवसायीले पसल बन्द गरेर आन्दोलित भएका छन् ।

मासु व्यवसायी संघ रुपन्देहीले शुक्रबार पत्रकार सम्मेलन गरी साना तथा मझौला व्यवसायीलाई स्वतन्त्रतापूर्वक व्यवसाय गर्न नपाउने र ठूला व्यवसायीको मात्रै एकाधिकार हुने गरी बनाइएको वधशाला सम्बन्धी ऐन तत्काल संशोधन गर्न माग गरेको छ । उक्त ऐनले खसी बोका मात्रै बधशालामा बध गर्नुपर्ने भनेकाले ऐन अधुरो, अपुरो र विभेदकारी रहेको संघको तर्क छ । खसी बोका बाहेक ठूलो मात्रामा खपत हुने कुखुरा, राँगा, बंगुर आदि बारे ऐनमा उल्लेख छैन ।

संघले खसी बोकासहित सबै प्रकृतिका मासुजन्य पशुपंक्षीलाई स्वास्थ्य जाँच गरेर मात्र वध गर्ने प्रावधान राख्न र प्रभावकारी कायान्यन गर्न माग गरेको छ ।

यस्तै वध स्थलको न्यूनतम मापदण्ड तयार गरी वध स्थललाई सुधार गर्नुपर्ने र सुधारिएका वध स्थलबाट सेवा सुचारु गर्न पाउने व्यवस्था गर्न, उप-महानगरका सबै वडामा साना तथा मझौला उद्योगको रुपमा श्रेणीकरण गरि व्यवस्थित वध स्थल निर्माण गर्न कानुनी प्रावधान गरी व्यवसायीलाई प्रोत्साहन गर्न माग गरेको छ ।

सबै प्रकृतिका मासुमा सुरक्षित ढुवानीको लागि पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ को धारा १३ मा भएको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न, मासुमा हुने मिसावट रोक्न मिसावट गरिएको प्रमाणित भएका पसललाई हदैसम्मको कानुनी कारबाही र जरिवाना गर्न र सबै अनुमति प्राप्त बधशालाहरुले किसानबाट खरिद गर्ने खसी, बोका, राँगा, पाडा, भेंडा, च्याङ्ग्रा र कुखुराको दररेट सार्वजानिक गरिनु पर्ने र जसमा किसानको लागत मूल्य घटाउन नपाइने व्यवस्था लागु गर्न, कानुनको आडमा व्यवसायीहरुलाई निरुत्साहित गर्ने, त्रसित बनाउने, स्वतन्त्र तवरबाट सञ्चालित व्यवसायलाई बन्द गर्न बाध्य पार्ने, अनुचित निगरानी गर्ने जस्ता हस्तक्षेपलाई बन्द गरी तत्काल व्यवसाय सल्यानको बातावरण बनाउन माग गरेको छ ।




व्यवसायीको आन्दोलनमा लुम्बिनी प्रदेशका ६ जिल्लाका करिब ३५ हजार बाख्रापालक महिला किसानको ऐक्यबद्धता छ । ती महिलाहरु वधशालाको मालिक भइने आशामा चार वटा कम्पनीमा आबद्ध भई बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिको सञ्चालक बनेका थिए । यो कम्पनीमा ३४ सहकारी, ४ इन्भेष्टमेन्ट कम्पनी गरी ५ हजार १ सय २६ शेयर सदस्य छन् ।

स्वच्छ र स्वस्थकर मासु उपभोक्तालाई उपलब्ध गराउने विषयमा व्यवसायीको विमति नरहेको र उपमहानगरले तोकेअनुसारको गुणस्तरीय मासु मात्रै उत्पादन र बिक्री गर्न आफूहरु तयार रहेको तर विभेदकारी र अन्यापूर्ण ऐनको आडमा अनुगमन आतंक स्वीकार्य नहुने संघका अध्यक्ष विशाल थापाले बताए ।

'उक्त ऐन आफैंमा अपुरो र अधुरो छ, खसी बोकाबाहेक अरु मासुलाई समेटेको छैन, आम मासु उपभोक्ताको हितमा भन्दा निश्चित व्यवसायीको हितमा बनाइएको छ, ऐन बनाउँदा सरोकारवाला पक्षसँग पर्याप्त छलफल हुनुपर्नेमा भएको छैन, यसले भविष्यमा देशभरका साना र मझौला हजारौं मासु व्यवसायीलाई विस्थापित गरी सीमित पुँजीपति व्यवसायीको हातमा सबै खाले मासुको व्यवसाय सुम्पिने खतरा छ,' अध्यक्ष थापाले भने-'नेपालको संविधानले नै समाजवादउन्मुख अर्थ व्यवस्था भनेको छ, तर वधशाला ऐनले चार किल्ला तोकेर पुँजीपतिलाई मात्रै पोस्ने, साना व्यवसायीलाई टिक्न नदिने छ, यो संशोधन हुनुपर्छ र सबै व्यवसायीले व्यवसाय गर्न पाउने व्यवस्था हुनुपर्छ ।'

मुक्तिनाथ लाइभस्टकले बधशालाको मासु बिक्रीका लागि बुटवलमा तीनवटा आउटलेट (पसल) सञ्चालन गरे पनि त्यहाँ उपभोक्ता खरिद गर्न नगएपछि उप-महानगरले चाडपर्वको मुखमा अनुगमनको नाममा सशस्त्र, जनपथ र नगर प्रहरीसहित आएर व्यवसायीलाई आतंकित बनाएको थापाको गुनासो छ । 'उप-महानगरको अनुगमनको उद्देश्य उपभोक्ताको स्वास्थ्यमा केन्द्रीत हैन, आफूले ठेक्का दिएको कम्पनीको व्यापार कसरी बढाउने भन्नेमा छ,' थापाले भने-'३५ हजार किसान महिला दिदी बहिनी र एक हजार व्यवसायीलाई धोका दिएर एउटा निजी कम्पनी पोस्ने टेण्डर र अनुगमन स्वीकार्य छैन, हामी बधशाला जाँदैनौं, उपमहानगर पुर्व सहमतिमा फर्किनुको विकल्प छैन ।'

वधशालामा आउनका लागि व्यवसायीका छोराछोरीलाई निजी विद्यालयमा छात्रवृत्तिमा पढाइदिने दिने अनेक प्रलोभन आए पनि आफूहरुमाथि बद्नियतपूर्वक धोका भएकाले कुनै हातलतमा नजाने, दुई दिन सबै मासु पसल बन्द गरी राजनीतिक दल र व्यवसायिक संघसंस्थासँग छलफल गरी उप-महानगरको अनुगमन पनि अवज्ञा गर्ने बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्ण पौडेलले बताए ।

» बाँकी ३ पेजमा

# प्रादेशिक अस्पतालको भवन निर्माणबारे छलफल

**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रदेश गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पतालको १२ गते भवन निर्माणबारे शुक्रबार सरोकारवाला निकायहरुबिच छलफल गरिएको छ । सो अवसरमा बोल्दै लुम्बिनी प्रदेश पूर्वाधारा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले सबैसँग समन्वय गरेर अघि बढ्ने प्रतिबद्धता गरे । बुटवलका विभिन्न व्यवसायिक संघ संस्था तथा अस्पतालका विभागीय प्रमुखहरुबिच भएको अन्तरक्रियामा नयाँ बन्ने अस्पतालको भवनमो संरचना तथा इन्टेरियरका बारेमा वृस्तित विवरणसहित छलफल गरिएको थियो ।



उपाध्यक्ष पोखेलले स्थनीय जनताको सहयोग र साथबिना कुनै पनि योजना सफल नहुने बताउँदै सबैको सहकार्यमा जोड दिए । लुम्बिनी प्रदेश सरकारले अघि सारेका गौरव आयोजनाहरु मध्ये सबैभन्दा प्राथमिकता दिएर लुम्बिनी प्रादेशिक अस्पतालको भवन निर्माणका लागि बजेट विनियोजन गरेको उल्लेख गरे । अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले यहाँका जनतलाई पनि अपनत्व महशुस हुनेगरी योजना निर्माणको कामलाई अघि बढाउन प्राधिकरणलाई आग्रह गरे । सम्पूर्ण निर्माणको काम प्राधिकरण मातहत रहने पनि यस विषयमा उठेका विभिन्न प्रश्नहरुको जवाफ अस्पताल बिकास समितिले दिनु परेको गुनासो गर्दै उनले समितिका प्राप्त गर्नुपर्ने भूमिका बारे पनि प्राधिकणलाई स्पष्ट पार्न आग्रह गरे । आम नागरिक, राजनीतिक दल, सञ्चारकर्मी लगायतले अस्पतालको भवन निर्माणको विषयमा विभिन्न जिज्ञासाहरु आफूलाई राख्ने तर प्राधिकरणले विकास समिति तथा अस्पताल प्रशासनलाई कुनै पनि भूमिका नदिने र समन्वय नहुने गरेको उल्लेख गरे ।

अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालले गुणस्तरमा जोड दिंदै सबैको निगरानी, समन्वय र सहकार्यबाट मात्रै योजना सम्पन्न हुने उल्लेख गरे । हाल सीमित श्रोत साधनबाट पनि दैनिक २ हजार बढीलाई सेवा प्रदान गरिरहेको अस्पतालले नयाँ भवन सम्पन्न भएपछि थप सेवा बिस्तार हुने उल्लेख गरे । अस्पताल प्रशासनले सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने गरी काम गरिरहेको बताउँदै ढकालले अस्पताल भवन निर्माणसँगै प्रयाप्त जनशक्तिको व्यवस्थापन पनि अर्को प्रमुख कुरा रहेको स्मरण गराए ।

कार्यक्रममा कन्सल्टेन कम्पनी काठमाडौं युनिभर्सिटी सेन्टरका इ. समीर पन्तले नयाँ बन्ने भवनबारे जानकारी गराएका थिए । अस्पताल भवन निर्माणको लागि प्रदेश पूर्वाधार विकास प्राधिकरणले ६ अर्ब १८ करोड ७५ लाख रुपैयाँको लागतमा ठेक्का सम्झौता गरेको छ । लुम्बिनी प्रदेश मातहत रहेको प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चरले नेपाली कम्पनी आशिष रेलिगशनसँग संयुक्त रूपमा काम गर्ने गरी २०८० पुस २६ गते सम्झौता गरेको थियो ।

सम्झौताअनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्ने छ । भवन निर्माणका लागि जग खन्न कूल ७३९ मध्ये ५७९ वटा पाइलिङ (जमिनमा मेशिनले प्वाल पारेर पिल्लर गाड्ने काम) सम्पन्न भइसकेको छ । वरीपरीका संरचनामा क्षति हुनबाट रोक्नका लागि १३ मिटर गहिरो पाइलिङ गरेर भवनको जग खन्ने काम गरिने छ । हाल ६५ जना कामदारबाट कम्तिमा दैनिक १० घण्टाका दरले काम भैरहेको हो ।

अस्पतालको नयाँ बन्ने भवनको डीपीआरअनुसार अत्याधुनिक भवनमा बहिरङ्ग सेवा (ओपिडी), आपतकालीन सेवा (इमर्जेन्सी), इनडोर सर्भिस कक्ष रहनेछन् । ग्याष्ट्रो, न्युरो, कार्डियोलोजीलगायतका सबै विशेषज्ञ सेवा एउटै भवनबाट सञ्चालन हुने छन् । भवनको माथि हेलिप्याड रहने छ भने हेलिप्याडबाट सिधै इमर्जेन्सीमा आउजाउ गर्न मिल्ने व्यवस्थित लिफ्टसमेत बन्नेछ । क्यान्सर उपचारका लागि भने अन्डरग्राउन्डसहित पाँच तलाको अलग्गै भवन बन्नेछ ।

नयाँ भवन निर्माणपछि हाल उपचारका लागि प्रयोगमा रहेका तीन वटा नयाँ भवनमा डाइग्नोष्टिक एन्ड रिसर्च, प्रसूति र महिला तथा बाल रोगको उपचारका लागि प्रयोग गरिने छ । हालको संरचनाबाट विस्तार गरि एक हजार दुई सय शैयूयामा बहु-अनुसन्धानात्मक अस्पतालको रुपमा स्तर उन्नति गर्न लागिएको छ । यसै क्रममा पहिलो चरणमा दुई नयाँ भावनाहरु निर्माण गर्न थालिएको छ । जस अन्तर्गत पहिलो २ तहको बेसमेन्ट भएको सात सय क्षमताको १० तले मुख्य भवन, दोश्रो १ तहको बेसमेन्ट र ४ तले १०० शैयूया क्षमताको क्यान्सर (अन्कोलोजी) भवन निर्माण हुनेछ ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ असोज १९,गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"हिँड्दाहिँड्दै जति थाक
हिँडिसकेका पाइलामाथि
जति ध्यानदृष्टि राख
हिँडिसकेका प्रत्येक पाइला
आफ्नै नियति बन्छ..."

– कमलराज रेग्मी

# दसैं किन पहाडको लागि ठूलो उत्सव हो ?

**सुरेश ढकाल**

**दशैंको मानवशास्त्र**

समाजशास्त्रीय दृष्टिकोणसहित सामाजिक सम्बन्धहरू कसरी बन्छन् र सम्बन्धहरूको पुनर्निर्माण कसरी हुन्छन्, लगायत सामाजिक सम्बन्धको बहुल अर्थहरूको कुरा गर्छन् समाजशास्त्रीहरू । मानवशास्त्रीहरू अझै विशिष्ट र मिहिन ढंगले नातागोता प्रणालीको सन्दर्भमा दसैंलाई अर्थ्याउने प्रयत्न गर्छन् ।

मानवशास्त्रीहरूले यसका साथै दशैंलाई सन्दर्भमा राखेर रिती, परम्परा, विम्ब र लक्षणाहरूको अर्थको कुरा गर्दछन् । कसरी दसैंले राज्य र नागरिकको सम्बन्धलाई परिभाषित गर्दै आएको छ वा गर्दछ भनी अध्ययन गर्छन् । मानव संस्कृति, जीविकोपार्जनका उपाय र वातावरणबिचको अन्तर्सम्बन्धहरूलाई रीतिरिवाज, पर्व र परम्परासँग जोडेर हेर्छन् ।

तर, हाम्रो सन्दर्भमा यस विषयमा गहन सैद्धान्तिक दृष्टिकोण सहितको बहस पर्याप्त हुन सकेको छैन । मानव र समाजका सम्बन्धहरूलाई एउटै कुराले मात्र प्रभाव पार्ने नभएर एकभन्दा बढी पक्षहरूले प्रभावित पारिरहेको हुन्छ । जस्तै, अर्थतन्त्रको फेरिँदो स्वरुप, राजनीतिक परिवर्तन, सांस्कृतिक पुनर्जागरण, प्रविधिको विकास आदि ।

तसर्थ दसैंलाई एकपक्षीय वा एउटै परिभाषामा सिमित गरेर हेर्न खोज्नु भनेको भ्रम सिवाय केही होइन । एकलकाँटे व्याख्याहरूले दसैंलाई भ्रमहरूको पुञ्ज नै बनाइदिएको छ ।

ददशैँलाई नेपालीको महान् चाड भनिन्छ । तर जनसंख्या र अन्य हिसाबले पनि दसैं अधिकांश नेपालीको महान् चाड होइन । हिमालका शेर्पा वा तराई-मधेशका मधेशीका निम्ति यो महान् चाड बन्न सकेको छैन । मध्य पहाडी जनजातिले पनि दशैँलाई पुनःपरिभाषित गर्ने यत्न गरिरहेकै छन् ।

उनीहरूले गहन् श्रद्धा भक्ति र सामाजिक भव्यताका हिसाबले दशैं बाहेक अरु नै चाड मान्छन् । दशैं मूलतः मध्यपहाडी क्षेत्रमा बसोबास गर्ने खस-आर्यहरूको चाड नै पछि गएर नेपाली मात्रको बन्न पुगेको हो भन्ने धेरै प्रमाण खोज्न सकिन्छ । राज्यको वैचारिक अवधारणामा यसलाई व्याख्या गरिने कारण पनि दशैं राष्ट्रिय चाड भनिएको हो वा बन्न गएको हो । नेपाल बाहिर पनि दशैंलाई मुख्य रुपमा धुमधामसँग मनाउने परम्परा मध्यपहाडबाट बसाइँ सराइ गरेर गएकाहरूमा व्यापक भएको हो ।

त्यस्तै, अर्कोतिर हिन्दूहरूको महान् चाड भनिन्छ तर विश्वभरका हिन्दूहरूको सानो संख्याले मात्र यो पर्व भव्य रुपले मनाउने गर्दछन् । अर्कोतर्फ यो खस हिन्दूहरूको मात्र हो र अब यसलाई पूर्ण रुपले बहिष्कार गर्नुपर्छ भन्ने आग्रह पनि त्यस्तै अर्को भ्रम हो, किनकि पर्वहरूको राजनीतिक महत्व मात्र हुन्न ।

परम्परादेखि नै नारी शक्तिको उपहास र अपहेलना भइरहेको सन्दर्भमा दशैं नारी शक्तिको उपासना भन्नु पनि भ्रम नै हो । यस्ता थुप्रै प्रसंग सन्दर्भित गर्न सकिन्छ दशैंसँग गाँसिएर अउने भ्रमहरूका बारेमा ।

खासमा पछि यो चाडलाई राज्यले महत्व दिएर राज्यधर्मसँग जोडेर, राज्यपर्वका रुपमा सबैले मनाउनका लागि जोड दियो ।

**दशैंको आर्थिक पक्ष**

चाडपर्वहरूलाई बजारले अधिक नाफा कमाउने अवसरका रुपमा लिन्छ । त्यसैले आक्रामक हिसाबले यसलाई बिस्तार गर्ने भरपुर प्रयास गर्छ ।

बजारको चरित्र नै मुनाफा अभिवृद्धिका लागि कुनै पनि अवसर र अवस्थामा यसको प्रयोग गर्ने हो । बजारको सबैभन्दा ठूलो चरित्र नै यही हो । बजारको कोणबाट विवेकी बजार पनि त्यही हो । बजारले सधैं उपभोगको संस्कृतिलाई प्रोत्साहित गर्छ । दशैं त झन् मुख्य भयो ।

दशैं लागयत चाडको अवसरमा मात्र दुई हजारभन्दा बढी सवारी साधन बुकिङ वा बिक्री भएका थिए । अरबौं रकम बराबरको कारोबार थियो त्यो । दशैंमा नयाँ सामान जोड्नुपर्छ भन्ने मान्यता पनि उत्तकै प्रचलनमा छ ।

राज्यकै तर्फबाट पनि दशैंमा बिदा, अतिरिक्त रकमका रुपमा बोनसको व्यवस्था दिने गरिएको छ । बिदा र थप पैसा दिने कुराले यसको आर्थिक अर्थ र महत्व पनि झल्काउँछ ।

तर, अहिले कस्तो खाने, कस्तो लाउने भन्ने कुराले सबै मान्छेलाई एकदमै प्रभाव पार्ने भएकाले यो प्रदर्शनमुखी चाडका रुपमा स्थापित भइसकेको छ । भए पनि नभए पनि देखाउनुपर्ने । पहिला दशैं भनेको पारिवारिक गतिविधिको चाड हुन्थ्यो, अहिले बजारको चाडजस्तो भएको छ ।

घरहरू शून्य, बजार चकाचक । खासमा घरमा गतिविधि बढ्नुपर्ने, घरमा चकाचक हुनुपर्ने तर उल्टो भइरहेको छ । पहिला घर माटोले लिपपोत गर्ने ठाउँमा अहिले रङ त लगाइएला तर दशैं घरभित्र भन्दा बजारमा बढी लाग्छ ।

एकातिर वर्तमानको आर्थिक पाटो यस्तो छ भने अर्को तर्फ दशैं प्रचलनको शुरुवात नै पनि आर्थिक गतिविधिसँग गाँसिएर आएको देखिन्छ ।

> दशैँलाई नेपालीको महान् चाड भनिन्छ । तर जनसंख्या र अन्य हिसाबले पनि दशैं अधिकांश नेपालीको महान् चाड होइन । हिमालका शेर्पा वा तराई-मधेशका मधेशीका निम्ति यो महान् चाड बन्न सकेको छैन । मध्य पहाडी जनजातिले पनि दशैँलाई पुनःपरिभाषित गर्ने यत्न गरिरहेकै छन् ।





दशैंको उद्‌भवको कुरा गर्दा यो शरदबाली भित्राएपछिको 'पोस्ट हार्भेस्ट' उत्सव हो । यो विशेषगरी मुख्य बाली भित्राइसकेपछिको फुर्सद र खुसीको अभिव्यक्ति, अनाज उत्पादन गर्न सहयोग गर्ने आफन्त र सबै मान्छेहरूलाई धन्यवाद दिने अवसर पनि हो । आफ्नो खालको नातागोता, सम्बन्धहरूलाई पुनर्स्थापित, पुनर्उत्पादन एवं पुनर्परिभाषित गर्ने कामहरू पनि यसैबेला हुन्छ । यो हिसाबले नै दशैं जस्ता चाडबाड सुरु हुनु हो । यस्तोखालको चाँडपर्व नाम फरक होलान्, तर सबै ठाउँमा, सबै समुदायमा हुन्छ ।

त्यसलाई विभिन्न मिथकहरूसँग जोडिन्छ । जस्तै, रामले रावणलाई मार्ने कथा, देवीले दैत्यहरूलाई बिनास गरेको कथा । धेरैलाई के भ्रम हुन सक्छ भने तिनै मिथकहरूमा लेखिएकै कारण दशैं मनाउन थालिएको हो । तर, खासमा दशैं पहिला र अनि मात्र कथा पछि जोडिएको हो भन्ने कुरा नै पनि पर्याप्त रुपमा बोध गर्न सकिएको छैन । ढुक्कसँगै भन्न सकिने कुरा के हो भने, कथापछि दशैं आएको त होइन । दशैंको महत्वलाई र स्थायित्वका लागि त्यस्ता कथाहरू भनिने हुन । र तिनलाई संस्थागत गरिने हो ।

मूख्य बाली उत्पादन वा बाली भित्राउनु नै सबैभन्दा ठूलो आर्थिक गतिविधि हुने गर्दछ । मुख्य बाली भित्राइसकेपछिको समय भएकाले आर्थिक रुपमा पनि खर्चिलो हुन्छ ।

मेरो स्मृतिमा दशैंको आगमनसँगै जोडिएर आउने गतिविधि भनेको परम्परागत बाजा बजाउँदै बस्ती परिक्रमा गर्ने स्थानीय नेवारहरूको सांगीतिक परम्परा, मन्दिर जाने, चंगा उडाउने, पिङ खेल्ने जस्ता गतिविधि नै हुन् । तर अहिले बजार केन्द्रित, ठूला सपिङमलहरूमा केन्द्रित र नाफाआर्जनको ध्येयसँग जोडियो ।

गाउँ र सहरको दशैंमा केही फरक अवस्य छ । तर, कतिपय कुरामा गाउँ र सहरको चरित्रको भेद छुट्याउन गाह्रो छ । 'आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई' भन्ने त हाम्रो ग्रामीण उखान नै छ । आर्थिक गतिविधि दशैंमा बढी हुन्छ भन्ने कुरा त यही उखानले पनि पुष्टि गर्छ । गाउँमा आफ्नै खसीबोकाहरू बेच्ने, चिउरा कुट्ने आदि गतिविधि हुन्थ्यो । साउन-भदौ धेरै दूध उत्पादनको बेला भएकाले घ्यु पनि त्यतिबेला देखि नै दशैंका लागि भनेर जतन गरिन्थ्यो ।

सहर अरुबेला अत्यन्तै चलायमान हुन्छ भने दशैंमा भीड गाउँतिर सर्छ । दशैंसँगै गाउँमा बाहिर बसिरहेका मान्छे आउन थाल्छन् । विदेशबाट फर्कनेहरू पनि आउँछन् । यसबेला गाउँमा अर्कै खालको रौनक र गति देखिन्छ । दशैं आयो भन्ने कुरा गाउँमा मान्छेहरूको चहलपहबाट बढी झल्किन्छ । सहरमा हुने भीड त्यति अस्वभाविक लाग्दैन ।

**सांस्कृतिक पक्ष**

दशैँको उद्‌भवबारे माथि नै उल्लेख गरियो । सुरुवात एउटा हिसाबले भए पनि त्यसलाई निरन्तरता दिनका लागि, त्यसलाई संस्थागत गर्नका लागि सांस्कृतिक अवयव, रीतिरिवाजलाई 'कोडिफाइ' गर्न कथाहरू लेख्ने, धर्मग्रन्थहरू तयार पार्ने खालका काम त्यसपछि भएका हुन् ।

दशैँ मूलत सांस्कृतिक चाड नै हो । मनोरञ्जन भनेको मान्छे सम्पन्न भएका बेला गर्ने कुरा हो । त्यसैले यसबेला मान्छेको ध्यान नाचगान र मनोरञ्जनतिर जान्छ । यसैका लागि पनि दशैँ केन्द्रित भएर थुप्रै धुन र गीत बनेका छन् ।

दशैँमा परिवारका सबै सदस्य जम्मा भएर रमाइलो गरिन्छ । जुवातास चाहिँ कुलीनहरूबाट सुरु भएको अभ्यास हो । पहिला दरबारले नै जुवातास फुकाउँथ्यो । दरबारबाट पछि घरबारमा सरेको हो । धनीहरूले कौडा खेल्थे । कौडा खेल्न नसक्नेले पायाँ खेल्थे ।

यही बेला बढी सांगीतिक कार्यक्रम हुने कारण पनि यसबेला मान्छेहरू तुलनात्मक रुपले सबैभन्दा बढी समृद्ध र सन्तुष्ट हुन्छन् र मनोरञ्जनमा ध्यान दिन्छन् वा आकर्षित हुने गर्छन् । मानिसको खुसीलाई बढोत्तरी गर्ने काम मनोरञ्जनले गर्छ । संगीतलाई बजारले भरपुर उपयोग गरेको पाइन्छ । विभिन्न सपिङ मलदेखि अन्य थलोमा संगीत अभिन्न हिस्सा बनेको छ ।

देशबाहिरका नेपाली समुदायमाझ यही मौकामा सांस्कृतिक सांगीतिक कार्यक्रम गर्ने क्रम बढेको छ । सबै कुराको व्याख्या विश्लेषण बजारसँग जोडेर गर्नुपर्ने भएको छ । तसर्थ, सांस्कृतिक कुराहरू पनि बजारसँग निरपेक्ष विषय रहेन । मनोरञ्जन त मनोरञ्जन तर मान्छेलाई हिजोको जस्तो आवस्यकताले जन्माएको स्वाभाविक मनोरञ्जनभन्दा थोपरिएको मनोरञ्जनजस्तो भएको छ । विदेशी भूमिमा हुने कन्सर्ट चाहिँ आफ्नो भूमि र पराइ भूमिलाई जोड्ने र त्यहाँ बस्ने मान्छेलाई जोड्ने प्रयास पनि हो ।

**राजनीतिक पक्ष**

दशैँको राजनीतिक चरित्र हिजो पनि थियो, आज पनि छ । विगतमा राज्यले यसलाई सांस्कृतिक भन्दा पनि धार्मिक चाडका रुपमा व्याख्या गर्ने अभ्यास गर्यो । आफ्नो धर्म, आफ्नो विचारधारालाई स्थापित गर्न राज्यले दशैँजस्ता चाडलाई उपयोग गर्यो । दशैँ शासकको चाड पनि हो । दशैँका पुराना चिजहरूमा सामन्तवादी अभ्यास वा विशेषता देखिन्छ ।

गोर्खालीहरूको विस्तारसँग दशैंले व्यापकता पायो भन्न सकिन्छ । यद्यपि यो गोरखाबाट नै आएको संस्कृति भन्न सकिन्न । कृषि भूमि उपत्यकामा पहिलेदेखि नै दशैं मनाउने प्रचलन थियो । राज्यको एउटा विचारधारालाई स्थापित गर्न विभिन्न सांस्कृतिक अभ्यासलाई राजनीतिक स्वरुप दिने कार्य गरिन्छन् । र यो नेपालका सन्दर्भमा विशिष्ट भन्ने होइन । सबै राज्यको आधारभूत चरित्र नै हो ।

त्यस्तै राज्य संचालनको स्वरुप मन नपर्नेले राज्यलाई चुनौती दिन दशैँ बहिष्कारजस्ता कुरा आउनुको सन्दर्भ यही हो । राज्यले पनि त्यसलाई त्यहीअनुसार डिफेन्ड गर्ने भयो, यो राट्रिय चाड हो, सबैको पर्व हो नभनेर, हिन्दूहरूको महान चाड भनेको भन्यै गर्ने नै भयो । त्यसले प्रतिरोधमा उत्रन झनै उक्सायो । राजनीतिमा एकखालको छुट्टै पहिचान स्थापित गर्न दशैँको पनि उपयोग भयो । एकातिर राज्यको आफ्नो स्वार्थअनुरुपको र अर्कोतिर राज्यभन्दा पृथक पहिचान बनाउन चाहनेहरूको लागि । विरोध गर्नेहरूले पनि दशैँ हाम्रो पनि हो भनेनन् बरु हिन्दूहरूको मात्रै भने । जुन सर्वथा सही थिएन ।

यतिबेलाको एउटा महत्वपूर्ण प्रश्न त के हो भने, राज्य धर्म निरपेक्ष भइसकेपछि राज्यको राष्ट्रिय चाडको स्वरुप पनि धर्म निरपेक्ष हुनुपर्छ कि पर्दैन? राज्य निरपेक्ष भने पनि राष्ट्रिय चाडको स्वरुप धर्म सापेक्ष भइरहन सक्छ? राजनीतिको केन्द्रीय मुद्दा यही हो । दशैँ बहिस्कार भनेको राज्यलाई प्रतिरोध गर्ने एउटा उपाय हो । सांस्कृतिक पुनर्जागरणका दुष्टिले पनि हेर्न सकिन्छ यस पक्रियालाई ।

राज्य कमजोर भएका बेला समाजमा दबिएर रहेका बहुल आवाजहरू सुनिन्छन् । दशैँ बहिस्कारबारे बहस सतहमा आएको कारण यो पनि हो ।

**सामाजिक पक्ष**

दशैँलगायत अन्य चाडले मान्छेको सामाजिक सम्बन्धलाई टिकाउन र त्यसको पुनर्उत्पादन गर्न अहम् भूमिका खेलिरहेको छ । नयाँ पुस्तालाई सामाजिक संरचना, सामाजिक मूल्य र मान्यता सिकाउने काम पनि यसले गर्छ ।

सामाजिक सम्बन्धलाई टिकाउन भौतिक आधार पनि महत्वपूर्ण हुन्छ । दशैँमा यो स्पष्टसँग प्रस्फुटित भएको हुन्छ । आदन-प्रदानको अर्थराजनितिको पनि शूक्ष्म अध्ययन गर्न सकिन्छ दशैंको अवसरमा हुने नगद, बस्तु, सम्मान आदिको आदन प्रदानहरूको अध्ययनबाट । भौतिक वा अभौतिक वस्तु र गुणहरूको आदान-प्रदानले सामाजिक सम्बन्धहरू बन्छ भन्ने कुराको सबैभन्दा ठूलो उदाहरण हो दशैँ । सम्बन्धहरू त्यत्तिकै हावामा तैरिँदैनन् । यो विनिमयमै चल्छ । कि वस्तु विनिमय कि सम्मान र स्नेहको विनिमय ।

सामाजिक पक्षको कुरा गर्दा लैङ्गिक पाटोलाई छुटाउन मिल्दैन । दशैँले महिलाका लागि पनि खुसी बोकेर त आउँछ तर साथमा कामको भार उत्तिकै थोपर्छ । सबैभन्दा बढी महिलाहरू नै घोटिइरहेका हुन्छन् । पाहुनापासालाई खानपिन गराउने जिम्मेवारी निर्वाह गर्नुपर्छ । घरको सारा व्यवहार उनीहरूले नै धान्नुपर्छ । तर, उता बिहान-बिहान मन्दिर पुगेर स्त्री शक्तिको महापूजा गरिरहेकै हुन्छन् । यो पनि एकदमै विरोधाभासपूर्ण सामाजिक पक्ष हो ।

निष्कर्षमा दशैंको आर्थिक, सामाजिक, सांस्कृतिक पाटोहरू छन् । ती आयामलाई खासखास अवधारणा वा दृष्टिकोण सहित बुझ्नु वा व्याख्या गर्नुपर्ने हुन्छ । दशैंको स्वरुप र चरित्रलाई जति धर्म वा सम्प्रदाय निरपेक्ष बनाउन सक्यो त्यति नै यसलाई राष्ट्रिय चाडका रुपमा विकास गर्न सकिन्छ ।

दशैं मेरो पनि हो र म मेरो ढंगबाट मनाउछु भन्ने र यससँग जोडिएका पौराणिक मिथकहरूका आधारमा मात्र दशैंको परिभाषा नगर्ने बरु वैकल्पिक व्याखाहरू (ती मिथकहरूका तहमा नै किन नहुन्) निर्माण गर्ने कार्यले दशैंको महत्व मात्र स्थापित गर्दैन बरु विरोधाभासका बिचमा पनि हामीसँग साँचो अर्थको एउटा राष्ट्रिय चाड हुनेछ ।

आ-आफ्ना धर्म अनुरुपका, सम्प्रदाय अनुरुपका चाडहरू अन्य पनि छन् र तिनलाई उही महत्वका साथ मनाउन सकिन्छ तर हामीसँग अभाव रहेको राष्ट्रिय चाडका रुपमा दशैंलाई विकास गर्न सकिन्छ ।

# म त विदेश जान्न है बाबा



**संविद ढुंगाना**

मेरो इज्जत, मेरो साहस, मेरो सम्मान हो मेरो बाबा
मेरो शक्ति, मेरो पूँजी, मेरो पहिचान हो मेरो बाबा
चालिस कटेपछि पनि रमाउन छाडेर
मेरा लागि केही गर्छु भन्दै
खाडीमा पैसाको बाढी खोज्न
परदेशिएको हो मेरो बाबा
हट घोडा हट गर्दै काँधमा चढ्न मन थियो
बाबा हजुरको नै हात समाई
स्कूल गेटसम्म पुग्न हुन्थ्यो
यहाँ मलाई धेरै रहर बाबासँग रमाउनलाई



बाबाको पनि बाध्यता थियो
रहर होइन विदेश गई कमाउनलाई

चाडपर्व आउँछ जान्छ
कति खुशी हुन्छन् अरु हात समाई हिंड्दा
मलाई नि लाग्छ मेरो नि बाबा सँगै भइदिएको भए
मैले चाहेर मात्र नहुने रहेछ
दशैं आउँदा तिहार आउँदा टीका जमरा लगाई
बाबासँगै डुल्न मन थियो हात समाउँदै
रमाई लिङ्गे पिङ खेल्न हुन्थ्यो हजुरले नै हल्लाएर
मामाघर जान हुन्थ्यो नयाँ लुगा लगाएर
आफ्नो खुसी बिर्सिएर हाम्रो खुसीको लागि
परदेशमै रित्याउनु भयो जवानी
हाम्रो सपनाको डोको भर्न
परदेशिएको मेरो बाबालाई
रक्षा गर्दै है दुर्गा भवानी

क्षण क्षणमा फोन गर्दै सम्झाउनु हुन्छ
गहभरि आँसु पार्दै परदेशिनु पर्ने कहिलेसम्म
आफू अँध्यारोमा रही
मलाई सधैं उज्यालोमा राख्ने
मेरो कलिलो मस्तिष्कमा केही असर नपरोस् भन्दै
हजारौं पीरलाई पैतालामा किच्ने
मेरो बाबा, मेरो भगवान मेरो पिता कोटी प्रणाम
हजुरको बुढेसकालमा लौरी बनेर
साथ दिन पाउँ मेरो बाबा
त्यसैले त मलाई विदेश नपठाउनु है बाबा
त्यसैले म विदेश जान्न है बाबा ।

**कक्षा ६**

***एस.ओ.एस. हरमन माइनर विद्यालय, गण्डकी पोखरा***



**बजार लैजाँदै च्यांग्रा**

दसैंका लागि बजार लैजाँदे गरेका च्याङ्गाका बथान। माथिल्लो मुस्ताङबाट ल्याइएका च्याङ्गा किसानले पोखरा र काठमाडौंसम्म पुऱ्याउने गरेका छन्। तस्विरः डम्मर बुढामगर/रासस

# मंसिरमा तिलोत्तमा व्यापार संघले व्यापार महोत्सव गर्ने




बुटवल। तिलोत्तमा व्यापार संघको आयोजनामा आगामी मंसिर ६ गतेदेखि मणिग्राममा तिलोत्तमा व्यापार महोत्सव एवं कृषि तथा पर्यटन महोत्सव हुने भएको छ।

"व्यावसायिक दक्षता अभिवृद्धि र स्वरोजगारः सुदृढ आर्थिक विकासका निम्ति व्यापार विस्तार" भन्ने मुल नाराका साथ यहि मंसिर ६ गते देखि १८ गतेसम्म तिलोत्तमा व्यापार तिलोत्तमा व्यापार महोत्सव-२०८१ एवं कृषि तथा पर्यटन महोत्सव हुने भएको छ। संघले शुक्रबार तिलोत्तमामा पत्रकार सम्मेलनको आयोजना गरी मेला आयोजना हुने बारेमा जानकारी गराएको हो।

संघका संस्थापक अध्यक्ष जेपी कंडेलले तिलोत्तमा क्षेत्रको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने मेलाको दीर्घकालीन लक्ष्य रहेको बताए। मेलामा मध्यकालीन लक्ष्यमा आन्तरिक बजार सवलीकरणका लागि व्यावसायिक उत्थान तथा निकासीयोग्य वस्तुको पहिचानमा जोड दिइने छ। यस्तै महोत्सवमा १० करोड बराबरको कारोबार तथा २ लाख दर्शक भित्र्याई स्थानीय आर्थिक विकासमा तीव्रता ल्याउने अपेक्षा गरिएको कण्डेलले जानकारी दिए।

तिलोत्तमा व्यापार संघका निर्वतमान अध्यक्ष बाबुलाल भुषालले व्यापारलाई विस्तार, प्रवर्द्धन, आधुनिकीकरण, विशिष्टीकरण गर्ने र व्यवसायीहरूको हकहितको रक्षाका लागि सक्षम, सुदृढ, स्वच्छ प्रतिष्पर्धी व्यवसायीहरूको आस्था र भरोसाको केन्द्रका रूपमा यस तिलोत्तमा व्यापार संघको २०७१ साल भाद्र ३१ गते विधिवत स्थापना गरिएको जानकारी दिए। तिलोत्तमा नगरपालिकाभित्र व्यावसायिक विधि र प्रक्रियाको प्रणाली बसाल्नका लागि र प्रभावकारिता स्थापित गर्ने क्रममा होस् या नगरबासीहरूसँगको कुनै अप्ठ्यारो परिस्थितिमा समेत यस संघले निरन्तर सहयोग गर्दै आइरहेको निर्वतमान अध्यक्ष भुषालको भनाइ रहेको छ।

मंसिर ६ देखि आयोजना हुने व्यापार मेलामा यस क्षेत्रमा राष्ट्रियस्तरको व्यापार केन्द्रको विकास गर्ने, युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्दै सिपमूलक तालिमबाट स्वरोजगारको सृजना गर्ने, लक्ष्य लिएको संघका अध्यक्ष नेत्र प्रसाद न्यौपानेले जानकारी दिए। विभिन्न वस्तु तथा सेवाहरुको एकै स्थलमा प्रर्दशनी गरी ग्राहकसंग प्रत्यक्ष अन्तरक्रिया गर्ने, निकासीयोग्य वस्तुको पहिचान एवं बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने, वैदेशिक लगानीका सम्भावना पहिचान गरी त्यसका लागि आवश्यक वातावरणको निर्माण गर्ने समेत लक्ष्य मेलाले लिएको छ।

स्थानीय वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्ने एवं उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गर्ने, स्थानीय उत्पादनमा गुणात्मक सुधारगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने, कृषिजन्य उत्पादनको बजार प्रवर्द्धन गर्ने, तिलोत्तमा आसपासका अन्य पर्यटकीय स्थलहरुको पहिचान गरी विकासमा सहयोग पुयाउने मेहोत्सवको उद्देश्य रहेको छ।

यस्तै देश-विदेशका व्यवसायीहरुसँग अनुभव आदान-प्रदानको अवसर प्रदान गर्ने, उत्पादक र उपभोक्ता बीच सुमधुर सम्बन्ध अभिवृद्धि गर्ने, लोकसंस्कृतिलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउने, कृषि पेशालाई व्यवसायिक रुपमा उन्मुख गराउन सहयोग गर्ने, अत्याधुनिक प्रविधि, उपकरण एवं मेसिनका वारेमा जानकारी गराउने, बजार अनुसन्धान एवंम नयाँ वस्तु विकासका अवसर सृजना गर्ने, व्यावसायिक चेतना अभिवृद्धि गर्ने, सूचना प्रविधि सम्बन्धि जानकारी गराउने, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा अवसरको खोजी गर्ने समेत उद्देश्य मेलाको रहेको अध्यक्ष न्यौपानेको भनाइ छ। महोत्सवमा जनचेतना ऱ्याली आयोजना, गोष्ठी, कार्यशाला र अन्तर्क्रियाको आयोजना, सूचना केन्द्रको संचालन, महोत्सव गतिविधि छायाँकन, प्रसारण र वृत्तचित्र प्रदर्शन, सांस्कृतिक कार्यक्रम संचालन र खेलकुद संचालन गरिने समेत योजना रहेको जानाइएको छ।

# डेङ्गुका १४ हजारभन्दा बढी बिरामी



काठमाडौं। देशभर डेङ्गुबाट सङ्क्रमितको संख्या १४ हजारभन्दा बढी पुगेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहाल अनुसार देशभर १४ हजार नौ सय ७५ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको छ।

केही दिन अघि पानी परेका कारणले डेङ्गु सङ्क्रमण बढेको बताए। हालसम्म हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण देखिएको छ। डेङ्गुको सङ्क्रमणबाट हालसम्म सात जनाको निधन भइसकेको छ।

**गण्डकी प्रदेशमा सबैभन्दा बढी**

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी गण्डकी प्रदेशमा देखिएको छ। महाशाखाका अनुसार गण्डकी प्रदेशमा छ हजार नौ सय २० देखिएको छ।

कोशी प्रदेशमा एक हजार तीन सय २९, मधेसमा दुई सय ८६, बागमतीमा चार सय ८९, लुम्बिनी नौ सय ९५, कर्णालीमा दुई सय २० र सुदूरपश्चिम प्रदेशमा सात सय ३६ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ।

**उपत्यकामा दुई हजारभन्दा बढी**

उपत्यकामा दुई हजार नौ सय ९८ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। काठमाडौं जिल्लामा एक हजार नौ सय ८६ भक्तपुर दुई सय २३ र ललितपुर चार सय ८९ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डेङ्गु रोगको सङ्क्रमण बढेपछि हरेक शुक्रबार सरकारी, गैरसरकारी कार्यालय र अस्पताल परिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ।

**किसान...**

'व्यवसायी र किसान मिलेर मात्रै दीगोरुपमा चलाउन सकिन्छ भनेर व्यवसायीकै अग्रसरतामा बधशाला बनाइएको हो, हाम्रो कम्पनी छनोट भइसकेको पनि थियो, वार्षिक ४७ लाख उपमहानगरलाई दिने सहमति पनि भएको थियो,' पौडेलले भने-'तर हाम्रो कम्पनीलाई जानकारी नै नदिई पुर्व सम्झौता तोडेर नयाँ टेण्डर गरी निजी कम्पनीलाई दिइयो जसले स्थानीय व्यवसायी वधशालामा जान तयार भएनन्, हजारौं किसान महिलाले खसी बोका दिएनन्।'

जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा केही समयअघि भएको सरोकारवालाबिचको छलफलमा समेत मासु व्यवसायीको माग सम्बोधन गरेर मात्रै अगाडिको कदम चाल्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी गणेश अर्याल बताउँछन्। तर उप-महानगरले प्रमुख जिल्ला अधिकारीसँग भएको छलफलको निचोड विपरित अनुगमनका नाममा आतंक सिर्जना गरेर जबर्जस्ती वधशालामा जान बाध्य पार्न खोजेको व्यवसायीको भनाइ छ। जबर्जस्ती गरिए व्यवसायी र किसान मिलेर साना र मझौलास्तरका छुट्टै वधशाला सञ्चालन गर्ने योजनामा उनीहरु छन्।

उनीहरुले वधशालाकै मापदण्ड र गुणस्तरको मासु उत्पादन गरी बेच्न आफूहरु तयार रहेको स्पष्ट पारेका छन्। बुटवलको वधशालामा दैनिक एक हजार खसी बोका वध गर्न सकिने क्षमता भए पनि हाल क्षमताको ५ प्रतिशत पनि वध नभएको व्यवसायीहरुको दाबी छ।

किसानलाई वधशालाको मालिक बनाउने र व्यवसायीलाई पनि अपनत्व दिने शर्तमा हेफरले आधुनिक वधशाला निर्माणको लागि भारतबाट विज्ञ प्राविधिक ल्याएर डीपीआर बनाएको र आयोजनाप्रति प्रदेश सरकार, मासु व्यवसायी, किसान र उप-महानगरपालिकाको तत्कालीन नेतृत्वलाई सहमत गराई संयोजनको काममा झण्डै ४ करोडको प्राविधिक सहयोग गरेको, तर त्यस विपरित निजी कम्पनीलाई दिनु आपत्तिजनक भएको हेफरका वरिष्ठ कार्यक्रम प्रबन्धक प्रेम साम्ब्यु (लिम्बु) बताउँछन्। 'बाख्रापालक किसानको उत्पादनको बजार सुनिश्चित हुने, उनीहरुको आयआर्जन बढ्ने र वधशालाको मालिक पनि हुने अनि आम व्यवसायी पनि सहभागी भएपछि दीगोरुपमा चल्छ भन्ने निचोडले सार्वजनिक - निजी - उत्पादक - साझेदारी मोडलमा चलाउने गरी हाम्रो पनि ४ करोड बढी लगानीमा वधशाला बनेको हो, तर त्यस अनुसार भएन,' लिम्बुले भने-'उपमहानगरको कदमले हजरौं महिला किसानमाथि अन्याय भएको छ, विगतका अन्यत्रका उदाहरणले पनि किसान र व्यवसायीको साथ विना अर्कै व्यवसाय गरेको कम्पनी जतिसुकै ठूलो भएपनि बधशाला सञ्चालन गर्न कठिन हुन्छ।'

बाख्रापालककिसानकीप्रतिनिधिमहिलाउद्यमी हुमादेवी पौडेलले बुटवल उप-महानगरपालिकाको निर्णयले किसान, व्यवसायी र उपभोक्ता सबैलाई अन्याय र धोकाभएको बताइन्। 'हाम्रो २ करोड रकम दुई वर्षसम्म उपमहानगरपालिकाले विना ब्याज राख्यो, हामीलाई नै बधशाला चलाउन दिने कुरा पनि भयो तर पछि धोका दिएर सम्झौता तोड्यो,' उनले भनिन् -'उपमहानरगकै बद्नियतलेअहिलेव्यवसायीर किसानसंग टकराव भएको हो, हामी कुनै हालतमा बधशालामा जान्नौं, खसी बोका पनि दिँदैनौं।'

बुटवल उप-महानगरपालिका-१० रामनगरमा २ विघा ३ कठ्ठा क्षेत्रफलमा २३ करोड लागतमा वधशाला बनेको छ। लुम्बिनी प्रदेश सरकारले १६ करोड रुपैयाँ लगानी गरेको छ। अरु लगानी हेफर नेपाल र बुटवल उप-महानगरपालिकाको हो।

२०७८ पुस २३ गते चलानी नं. १९७९ पं.सं. ०७८/०७९ अनुसार बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि. ले पेश गरेको प्राविधिक प्रस्ताव छनोट भई २३ गते आर्थिक प्रस्ताव खोल्नका लागि कम्पनिलाई बोलाइएको थियो। २०७९ जेठ ११ गते पत्र नं. ०७८/०७९ च.नं. ४८४० को पत्र मार्फत बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि. लाई सम्झौता गर्न बोलाइएको थियो।

२०७९ माघ २९ मा बुटवल उप-महानगरपालिका कार्यपालिका कार्यालयमा उपमहानगरका प्रमुख खेलराज पाण्डेय, उपप्रमुख, प्रमुख कार्यकारी, हेफर इन्टरनेश्नल नेपालका प्रतिनिधि र बुटवल मासु उतपादन तथा प्रशोधन प्रा.लि. का अध्यक्षलगायत सञ्चालकहरु, महिला उद्यमी किसानहरुको संयुक्त बैठकले उप-महानगरलाई वार्षिक रु ४७ लाख ३०हजार भाडा बुझाउने गरी कम्पनी र नगरपालिकाको बिचमा सम्झौता गरी बधशाला सञ्चालन गर्ने निर्णय गरेको भएको थियो।

२०७९ फागुन २ गते बसेको नगरकार्यपालिकाको बैठकले पशु वधशाला व्यवस्थापन तथा संचालन परियोजनाको लागि बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा. लिले वार्षिक ४७ लाख ३०हजार भाडा बुझाउने गरी नगरपालिकाले कम्पनीसँग सम्झौता गर्ने प्रस्तावलाई अनुमोदन गरेको प्रालिका अध्यक्ष कृष्ण पौडेलले बताए।

यस्तै २०७९ चैत १७ गते च.नं. ४१६२ पं. सं. २०७९/०८० को पत्रमार्फत् बैंक ग्यारेन्टीको म्याद थप गर्न लगाइएको, २०८० जेठ ३ मा बसेको नगरकार्यपालिकाको बैठकले असान्दर्भिक कारणहरु देखाउदै पुरानो ठेक्का प्रकृया रद्ध गर्ने निर्णय गरेको र २०८० असार ३ मा नयां बोल पत्र आहान गरेको पौडेलले बताए। 'नयाँ टेण्डरबारे हामीलाई जानकारी नदिई टेण्डर आव्हान गरेर अर्को दिन जानकारी गराएपछि हामीमाथि ठूलो धोका भएको निश्ष्कर्षमा पुगेका हौं,' पौडेलले भने-'हामीसँग भएको पुरानो ठेक्का रद्ध गर्ने निर्णय पुनर्विचार गरी पाउँ भनेर निवेदन दर्ता गर्न जाँदा नगर प्रमुख खेलराज पाण्डेयबाट अस्विकार गर्दै नगर प्रहरी लगाएर गेटबाट निकालेपछि इमेल र कुरियरमार्फत् पत्राचार गरिएको थियो, तर सुनुवाइ भएन।'

सार्वजनिक-निजी-साझेदारी मोडलअनुसार बुटवलको वधशालाको सञ्चालनको काम अघि बढेसँगै विराटनगर, पोखरा र दाङमा चलाउने गरी प्रक्रियागत रुपमा काम अघि बढिरहेको बेला यहाँ सहमति तोडिएपछि अरु स्थानीय तहको विश्वास गर्ने कि नगर्ने भन्ने प्रश्न खडा भएको छ।

बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले प्रकृयासम्मत ढंगले टेण्डरमा छनोट भएको कम्पनीले वधशाला सञ्चालन गरेको भन्दै ऐन कानुन पालना गर्नु सबै व्यवसायी र नागरिकको दायित्व भएको बताए। उनले व्यवसायीको माग अनुसार ऐन संशोधन गर्न मिल्ने नमिल्नेबारे अध्ययन गरिरहेको बताए। अनुगमनमा सशस्त्र र जनपथ प्रहरी समेत लगेर व्यवसायीलाई आतंकित बनाउने विषयमा उपमहानगरले पुनर्विचार गर्ने रानाले बताए।

**आम्दा नेपाल**
**सिद्धार्थ बाल तथा महिला अस्पताल**
**बुटवल-७, दीपनगर, रुपन्देही**

**शिलबन्दी दरभाऊ प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१८)

(सूचना नं.२६७/२०८१)८२)

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवल, आम्दा स्वास्थ बिज्ञान प्रतिष्ठानका लागि आवश्यक "FRP Desk Bench" खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरु बाट आगामी मिति २०८१/०६/३०गते दिनको ४ बजे भित्र यस आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयमा आईपुग्ने गरि शिलबन्दी दरभाऊ प्रस्ताव पेश गर्नुहुन आव्हान गरिएको छ। विस्तृत जानकारीका लागि आम्दा नेपालको वेब साइट (www.amda.org.np) मा हेर्न वा निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**आम्दा नेपाल**
**सिद्धार्थ बाल तथा महिला अस्पताल**
**बुटवल-७, दीपनगर, रुपन्देही फोन नं. ०७१-५०२०९७, ५०२१०१**

**बुटवल टेक्निकल इन्स्टिच्युटमा CTEVT प्रि-डिप्लोमा (२४ महिने) तहको निशुल्क औद्योगक प्रशिक्षण एप्रेन्टिसेशिप) तालिम भर्ना म्याद थप सम्बन्धी सूचना**

६० वर्षदेखि निरन्तर संचालनमा रहेको यस बुटवल टेक्निकल इन्स्टिच्युट बी.टी.आई. मा यसै शैक्षिक सत्रमा CTEVT प्रि डिप्लोमा तहको निःशुल्क औद्योगिक प्रशिक्षण तालिम कार्यक्रमहरुको भर्ना खुलेको हुँदा समयमै सिट सुरक्षित गर्नुहुन सहर्ष जानकारी गराउँदछौं।

**कार्यक्रमहरुः**

- CTEVT प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्ग (अप्रेन्सिेशिप) ४० जना
- CTEVT प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग (अप्रेन्सिेशिप) ४० जना
- CTEVT प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (B&C) (अप्रेन्सिेशिप) २० जना

एस.एल.सी. वा एसइइमा सहभागी भएका विद्यार्थीहरुले समेत पढ्न पाउनेछन्।

**फाराम पाउने र बुझाउने स्थानः बुटवल टेक्निकल इन्स्टिच्युट बुटवल**

**दरखास्त पाउने र बुझाउने मितिः** २०८१।०६।१९ देखि २०८१।०७। ०६ गतेसम्म।

**प्रवेश परीक्षा मितिः** २०८१ कात्तिक १० गते शनिबार बिहान ८.०० बजे।

**बुटवल टेक्निकल इन्स्टिच्युट**
थप जानकारीको लागि : ०७१-५३०१३३, ९८४७०३३८८४,९८४७०४५३९१
www.bti.org.np मा हेर्न सकिनेछ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# जीवनसाथीको स्मृतिमा क्याम्पसमा डेढलाखको अक्षयकोष

बुटवल । तिलोत्तमा वडा नं. २ मुस्कान पथ निवासी विष्णुप्रसाद सुवेदीले आफ्नो जीवनसाथी स्वर्गीय राधाकुमारी सुवेदी पन्थको स्मृतिमा लुम्बिनी वाणिज्य क्याम्पसमा एक लाख पचास हजार रुपैयाँको छात्रवृत्ति अक्षयकोष स्थापना गरेका छन् ।

लुम्बिनी वाणिज्य क्याम्पसमा सहायक प्रशासक पदमा सेवारत रहि २०८१ आषाढ ३० गते उपचारको क्रममा असामयिक निधन भएकी आफ्नो जीवनसाथी स्वर्गीय राधाकुमारी सुवेदी पन्थको ४४औं जन्मदिनको अवसर पारी सोही क्याम्पसमा उनले एक लाख पचास हजार रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन् ।

शुक्रबार निमित्त क्याम्पस प्रमुख उपप्राध्यापक महेशप्रसाद चौधरी कुर्मीलाई सुवेदीले एक लाख पचास हजार रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । स्वर्गीय राधाकुमारी सुवेदी पन्थको जन्मदिनको अवसर पारी अक्षयकोष स्थापना गर्नुभएकोमा सुवेदी परिवारलाई निमित्त क्याम्पस प्रमुख उपप्राध्यापक कुर्मीले धन्यवाद ज्ञापन गर्दै अक्षयकोषको व्याजले क्याम्पसमा अध्ययनरत आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक रुपमा छात्रवृत्ति प्रदान गरिने बताए ।

सुवेदीले अक्षयकोषमार्फत् विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेर दिवङ्गत जीवनसाथीको स्मरणको बाटो रोजेका हुन् । अक्षयकोषको माध्यमबाट दिवङ्गत श्रीमतीको सधैं सम्झना भइरहने सुवेदीको विश्वास छ ।

चेक हस्तान्तरणपछि भावुक हुँदै श्रीमान विष्णु सुवेदीले भने-'आफ्नो जीवनसाथीले २१ वर्षभन्दा बढी सेवा गरेको क्याम्पसमा उनकै नाममा अक्षयकोष स्थापना गरी उनको सम्झनालाई जीवन्त राख्न चाहन्छु । म, छोरी चाहाना सुवेदी र छोरा चन्दन सुवेदीको तर्फबाट स्थापना गरिएको अक्षयकोषले क्याम्पसमा अध्ययनरत आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थीको उज्ज्वल भविष्यका लागि सहयोग पुग्ने विश्वास गरेको छु ।'



हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण देशबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बाबुरत्न शाक्य
वडा अध्यक्ष (एवम्)
तानसेन वडा नं. ३,परिवार
तानसेन , पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र बस्याल
प्रधानाध्यापक (तथा)
भुषालडाँडा माध्यमिक विद्यालय परिवार
तानेसन-१,पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गंगा बहादुर खत्री
प्रिन्सिपल (एवम्)
पाल्पा प्यारागन बोर्डिङ्ग स्कूल परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
त्रिलोचन पौड्याल
प्रिन्सिपल (तथा)
पाल्पा टेक्निकल इन्ष्टिच्युट (पी.टी.आई) परिवार तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण देशबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिल बहादुर ढुंगाना
अध्यक्ष (एवम्)
श्रीनगर यातायात सेवा कम्पनी लि. परिवार
तानसेन , पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विधान श्रेष्ठ
अध्यक्ष (तथा)
श्री बतुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोपाल पी.सी.
प्रिन्सिपल (एवम्)
पाल्पा आवासीय बोर्डिङ्ग स्कूल परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शंकर प्रसाद पौडेल
प्रधानाध्यापक (तथा)
सरस्वती माध्यमिक विद्यालय परिवार तानसेन-७, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही, शेयर सदस्य महानुभावहरु एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ज्योति विकास बैंक लि. परिवार
तानसेन , पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
केशव के.सी.
प्रधानाध्यापक (तथा)
महेन्द्र बोधी माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भीम राना
प्रिन्सिपल (एवम्)
पाल्पा भूपू सैनिक बो. स्कूल परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सिष्टर एनिस जोसेफा
प्रिन्सिपल (तथा)
सेन्टकपितानियो बो. स्कूल परिवार तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. रविन बराल
एवम्
शान्तिपुर गुल्मेली सुनचाँदी परिवार
बुटवल-६, अमरपथ (फोन: ०७१-५४४२७९ मो. ९८५७०२६५०८

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णुप्रसाद सिग्देल
प्रधानाध्यापक (तथा)
लक्ष्मी माध्यमिक विद्यालय परिवार
तानसेन वडा नं. -५, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णु बहादुर गाहा
प्रिन्सिपल (एवम्)
बाल ज्योति प्रा.वि.परिवार
तानसेन वडा नं. ७ ,पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अनुराधा बज्राचार्य
प्रिन्सिपल (तथा)
विजु बोर्डिङ्ग स्कूल परिवार
तानसेन, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टंक पुन
अध्यक्ष (एवम्)
पाल्पा फर्निचर व्यवसायी संघ परिवार
पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
यादव सि कुँवर
प्रधानाध्यापक (तथा)
कालिका माध्यमिक विद्यालय परिवार
रिब्दीकोट-७, पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पार्वती पौडेल/ सोमनाथ अर्याल
प्रधानाध्यापक अध्यक्ष (एवम्)
बाल मन्दिर परिवार
तानसेन वडा नं. ४ ,पाल्पा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हिरा आचार्य
प्रधानाध्यापक (तथा)
जनप्रिय माध्यमिक विद्यालय परिवार तानसेन-६, पाल्पा

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com